वागमती नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

सेवा करार जनशक्ति व्यवस्थापन समिति

कर्मैया, सर्लाही

## सेवा करारको लागि दरखास्त आह्वानको सुचना

सुचना प्रकाशन मिति : २०८०।९।२०

यस नगरपालिका, नगरकार्यपालिकाको कार्यालय र अन्तर्गत कार्यालयको लागि तपसिल बमोजिमको जनशक्ति सेवा करारमा लिनु पर्ने भएकोले इच्छुक जनशक्तिले यस सुचनामा तोकिएको मिति, समय र स्थानमा दरखास्त फाराम पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि.नं. | सेवाको प्रकार | संख्या | खुला | महिला | आदिवासी । जनजाति | मधेशी | दरखास्त फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|---|---|
| १) | अ.न.मी.( चौथो तह) | 2 | 2 | | | | 1000 |
| २) | इन्जिनियर ( सिभिल) | 1 | 1 | | | | 2000 |
| ३) | सब इन्जिनियर | 3 | 2 | 1 | | | 1500 |
| ४) | ल्याव टेक्निसियन( पांचौ) | 2 | 1 | 1 | | | 1500 |
| ५) | पशु प्राविधिक ( सहायक) ( पांचौ तह सरह ) | 1 | 1 | | | | 1500 |
| ६) | सुचना प्रविधि अधिकृत ( छैठौ तह सरह) | 1 | 1 | | | | 2000 |
| ७) | कम्पुटर अपरेटर( चौथो तह सरह) | 7 | 4 | 1 | 1 | 1 | 1000 |
| ८) | सुरक्षा (पाले) ( कार्यालय सहयोगी सरह) | 4 | 2 | 1 | 1 | | 500 |
| ९) | आयोजना सुरक्षा( पांचौ तह सरह) | 3 | 2 | 1 | | | 500 |
| १०) | आयोजना सुरक्षा ( हेरालु)( कार्यालय सहयोगी सेवा) | 10 | 6 | 2 | 1 | 1 | 500 |
| ११) | मेल मिलाप संयोजक( कार्यालय सहयोगी सरह) | 2 | 1 | 1 | | | 500 |
| १२) | कार्यालय सहयोगी | 10 | 6 | 2 | 1 | 1 | 500 |
| १३) | राजश्व संकलक सहायक( पांचौ तह सरह, कम्प्युटर अपरेटर)) | 5 | 3 | 1 | 1 | | 1000 |
| १४) | माली(कार्यालय सहयोगी सरह) | 3 | 2 | 1 | | | 500 |
| १५) | सामाजिक परिचालक( चौथो तह) | 2 | 1 | 1 | | | 1000 |
| १६) | हलुका सवारी चालक( कार्यालय सहयोगी सरह) | 3 | 2 | 1 | | | 500 |

तपसिलः

१) सुचना प्रकाशन मिति : २०८०/०९/२०

२) दरखास्त फाराम बुझाउने अन्तिम मिति, : २०८०/०९/२९ गते

३.) दरखास्त पशे गर्ने समय र स्थान: कार्यालय समय , प्रशासन शाखा

४) दरखास्त फाराम साथ पशे गर्नु पर्ने आवश्यक कागजातहरु :

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

ख) न्युतम देखि अधिकतम सम्म उम्मेदवारले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी

ग) सम्बन्धित वडा कार्यालयको बसोवास प्रमाणपत्र

घ) अनुभवको प्रमाण पत्रको प्रतिलीपी

ङ) तालिमको हकमा सम्बन्धित तालिम प्रमाणपत्रको प्रमाणित प्रतिलिपी

च) उमेर हदको हकमा सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी

छ) आदिवासी । जनजाती र मधेशीको हकमा सम्बन्धित वडाको प्रमाणित कागजात ।

५) उमेर हद :

क) १८ वर्षको उमेर पुरा भई ४५ वर्षको उमेर ननाघेको व्यक्ति करार सेवाको लागि उम्मेदवार हुन योग्य मानिने छ ।

ख) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कुनै पदमा कार्यरत स्थायी वा अस्थायी वा करार सेवामा कार्यरत कर्मचारीको हकमा अधिकतम ६० वर्षको उमेर सम्म उम्मेदवार हुन सक्ने छ ।

ग) नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको स्थायी पदबाट निवृत्त कुनै कर्मचारीको हकमा अधिकतम उमेर ६४ वर्षको उमेर सम्म भएको उम्मेदवार हुन सक्ने छ ।

६) करार अवधि : करार अवधि १ ( एक वर्ष) को हुने छ र कार्यसम्पादनको आधारमा थप हुन सक्ने छ ।

७) मुल्यांकन विधि, परीक्षा विधि, सेवाशुल्क , सेवा सुविधा लगाएतको विषय वागमती नगरपालिका सेवा करार जनशक्ति व्यवस्थापन कार्यविधि , २०८० बमोजिम हुने छ ।

८)न्यूनतम शैक्षिक योग्यता

क. अ.न.मी.( चौथो तह)- मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी वा सो सरहको कोर्ष उतिर्ण गरेको

ख. इन्जिनियर ( सिभिल)- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जियरिंगमा स्नातक वा सो सरहको उतिर्ण गरि NEC उतिर्ण गरेको

ग. सब इन्जिनियर- मान्यता प्राप्त शिक्षण संस्थाबाट डिप्लोमा इन सिविल इंजीनियरिंग वा सो सरह उतिर्ण गरेको

घ. ल्याव टेक्निसियन( पांचौ)- मान्यता प्राप्त शिक्षण संस्थाबाट डिप्लोमा इन एनिमल साइंस वा सो सरह उतिर्ण गरेको

ङ. सुचना प्रविधि अधिकृत ( छैठौ तह सरह)- लोक सेवा आयोगले लिने "कम्प्यूटर अधिकृत " पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर वा कम्युनिकेशन र इनफार्मेशन टेक्नोलॉजी वा सो सरहको बिषयहरु मध्ये कुनै एक विषय लिई स्नातक(BIT,BIM,BBIS,BCA,BCIS,BEIT,BSc.IT,BSc.CSIT)

च. कम्पुटर अपरेटर( चौथो तह सरह)-मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर बिषय लिई एस.एल.सि /एस.ई.ई उतीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै बिषयमा एस.एल.सि /एस.ई. उतीर्ण गरी मान्यता प्राप्त दर्तावाला संस्थाबाट कम्तिमा तिन महिनाको कम्प्यूटर तालीम प्राप्त गरेको

छ. सुरक्षा (पाले) ( कार्यालय सहयोगी सरह)-सामान्य लेखपड भएको

ज. आयोजना सुरक्षा( पांचौ तह सरह)-डिप्लोमा इन सिविल इंजीनियरिंग वा सरह उतिर्ण गरेको

झ. आयोजना सुरक्षा ( हेरालु)( कार्यालय सहयोगी सेवा)- सामान्य लेखपड भएको

ञ. मेल मिलाप संयोजक( कार्यालय सहयोगी सरह)- सामान्य लेखपड भएको

ट. कार्यालय सहयोगी- सामान्य लेखपड भएको

ठ. राजश्व संकलक सहायक( पांचौ तह सरह, कम्प्युटर अपरेटर))-मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्यूटर विषय लिई १०+२ उतीर्ण गरेको वा मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै बिषयमा १०+२ उतीर्ण गरी कम्तिमा मान्यता प्राप्त दर्तावाला संस्थाबाट छ महिनाको कम्प्यूटर तालीम प्राप्त गरेको

ड. माली(कार्यालय सहयोगी सरह)- सामान्य लेखपड भएको

ढ. सामाजिक परिचालक( चौथो तह)- मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सि /एस.ई.ई वा सो सरह उतीर्ण गरेको

ण. हलुका सवारी चालक( कार्यालय सहयोगी सरह)- सामान्य लेखपड भएको र Category B को लाइसेन्स प्राप्त ।